झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भ्यागुते, प्युठान

५ नं. प्रदेश, नेपाल

पत्र संख्या :- २०७७/७८

चलानी नं. :-२३९

मिति :- २०७७/ ०५/१५

विषय: तथ्याङ्क अध्यावधिक गर्ने सम्वन्धमा ।

श्री सबै वडा कार्यालयहरु ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचय तथा पञ्जिकरण विभागबाट आ.व. २०७७/०७८ मिति २०७७/०४/३२ च.नं. ३०० को पत्रमा सामाजिक सुरक्षा भत्ता विवरण सम्वन्धी तथ्याङ्क अध्यावधिक गर्ने सम्वन्धमा लेखी आएको हुँदा यसै पत्रसाथ विभागको पत्र संलग्न राखी पठाईएको छ। सोही पत्रमा उल्लेख भए अनुसार आवश्यक कार्य गर्नु गराउनु हुन अनुरोध छ।

कमल प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

(सामाजिक सुरक्षा शाखा)

टेलिफोनः ४२००६५१, ४२६४६८१
४२६२०५६, ४२००८९५
फ्याक्सः ४२०००१४

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्याः- ०७७/०७८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३०२

मिति- २०७७/४/३२

विषयः तथ्याङ्क अध्यावधिक गर्ने सम्बन्धमा ।

श्री प्रमूख प्रशासकीय अधिकृतज्यू
स्थानीय तह सवै।

प्रस्तुत विषयमा यस विभाग अन्तर्गत सञ्चालित सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यक्रममा पारदर्शीता साथै प्रभावकारिता अभिवृद्धी गर्ने र निकासामा नियन्त्रण गर्ने उदेश्यले सामाजिक सुरक्षा ऐन,२०७५ को दफा १९ र सामाजिक सुरक्षा नियमावलीको नियम १३ अनुसार तपसिल वमोजिमका कार्यहरू गर्नु गराउनुहुन अनुरोध छ।

१। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम दर्ता गरी विभागको एम आइ एस प्रणालीमा अनिवार्य रूपमा प्रविष्टि गर्ने। एम आइ एसमा प्रविष्टि नभई कुनैपनि लाभग्राहिलाई भत्ता वितरण गर्न पाईनेछैन र विभागले निकासा पठाउदा सोही एम आइ यस प्रणालीको विवरणको आधारमा मात्र बजेट निकासाको ब्यवस्था मिलाउनेछ।

२। भत्ता वितरण गर्दा विभागको एम आइ यस प्रणालीको भरपाई भन्दा छुट्टै भरपाई वनाई भत्ता वितरण गरेको समेत जानकारी प्राप्त हुन आएकाले कानून विपरित उक्त तरिकाले भत्ता वितरण नगर्ने नगराउने।

३। विभागको प्रणालीमा धेरै संख्यमा लाभग्राहीको लगत कट्टा गर्नुपर्ने देखिएकोले त्यस्ता लाभग्राहीको लगत कट्टा तुरुन्त गरी के कती संख्यामा लगत कट्टा भयो सो को जानकारी विभागलाई उपलव्ध गराउने ।

४। वडा कार्यालयलाई निकासा उपलब्ध गराउँदा सम्वन्धित वडाको लाभग्राहीको Data Based तथ्याङ्कको आधारमा मात्र वडा अनुसार आवश्यक पर्ने भत्ता रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा माग गर्नुपर्ने ।

५। विवरण अध्यावधिक गर्नुपर्ने देखिएका लाभग्राहीको विवरण अध्यावधिक गर्नुपर्ने।

६। नाम थर, जन्म मिति, नागरिकता परिचयपत्र नं. संरक्षक आदि विवरणका आधारमा दोहोरो देखिएका लाभग्राही विवरण यकिन गरी दोहोरो देखिएको विवरण कट्टा गर्नुपर्ने।

७। जन्म मिति, नागरिकता प्र.प.नं. संरक्षक साथै अभिभावक र अन्य आवश्यक खाली स्थानमा विवरण सही रूपले भर्नुपर्ने।

झिमरुक गाउँपालिका
मच्छी, प्यूठान
दर्ता नं. ९८०
दर्ता मिति: २०७७/५/१४

Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss.donicr@gmail.com,
vital@donidcr.gov.np, URL:www.donidcr.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(सामाजिक सुरक्षा शाखा)

टेलिफोनः ४२००६५१, ४२६४६८।
४२६२०५६, ४२००८९५
फ्याक्सः ४२०००१४

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

८. आ.व. ०७४/७५ र ०७५/७६ को हालसम्म नवीकरण नभई एम.आइ.यस. प्रणालीमा रहिरहेका लाभग्राहीको विवरण यसै साथ संलग्न छ। नवीकरण नभएका लाभग्राहीको विवरण लगत कट्टा गर्नु पर्नेमा हाल सम्म पनि लगत कट्टा नभएको देखिएकाले उल्लिखित विवरण अनुरूप प्रणालीमा रहेका लाभग्राहीको अवस्था यकिन गरी मिति २०७७/०५/३० गते सम्ममा लगत कट्टा साथै विवरण अध्यावधिक गर्ने समय तोकिएको छ। उक्त समयसम्म लगत कट्टा र लगत अध्यवधिक गर्नुहुन अनुरोध छ। उल्लिखित समयसम्म पनि लगत कट्टा र लगत अध्यावधिक नभएमा विभागको प्रणालीमा देखिएका उक्तानुसारका लाभग्राहीको लगत विभागको प्रणालीवाट नै स्वतः कट्टा हुने ब्यहोरा समेत जानकारीकालागि अनुरोध छ।

विष्णु लामिछाने
निर्देशक

Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss.donicr@gmail.com,
vital@donidcr.gov.np, URL:www.donidcr.gov.np